"सुन्दर नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
☎ ०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

पत्र संख्याः ०७७/०७८ मितिः २०७७।०६।२१
चलानी नं.:

**विषय : विषय विज्ञ (रोष्टर) सूचीमा सूचीकृत हुन आवेदन पेश गर्ने सम्वन्धमा ।**
**(दोस्रो पटक प्रकाशित सूचना)**

यस नगरपालिका अन्तर्गत सन्चालित विद्यालयहरुमा हुने विभिन्न तह र श्रेणीका अस्थायी तथा करार एवम विद्यालय कर्मचारी छनौट तथा पदपुर्ति गर्ने प्रयोजनका लागि गुर्भाकोट नगरपालिकाको, शिक्षा ऐन, २०७४ परिच्छेद ४ दफा २४ बमोजिम विज्ञ (रोष्टर) सूची अद्यावधिक गर्नु पर्ने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले मिति २०७७।६।२८ गते भित्र यस नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको इमेल edugurbhakotmun@gmail.com मा वा सोझै कार्यालय समय भित्र कार्यालयमा यसैसाथ संलग्न फाराम भरी आफ्नो विवरण पेश गर्नहुन यो सुचना प्रकाशन गरिएको छ ।

पदम बहादुर वि.क
अधिकृत छैठौं (शिक्षा)

**तपशिल**

**१. आधारभुत तह(१–५)को विज्ञको लागि वाञ्छनीय योग्यता**
–यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्राथमिक / निम्नमाध्यमिक / माध्यमिक तहमा स्थायी नियुक्ती भई कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उत्तिर्ण गरेको ।

**२. आधारभुत तह (६–८) को विज्ञको लागि वाञ्छनीय योग्यता**
– यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा निम्नमाध्यमिक / माध्यमिक तहमा स्थायी नियुक्ती भई कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तिमा स्नातक उत्तिर्ण गरेको ।

**३. माध्यमिक तह (९–१०) को विज्ञको लागि वाञ्छनीय योग्यता**
– यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा माध्यमिक तह शिक्षक/ विश्वविद्यालय सेवामा उपप्रध्यापक पदमा स्थायी भई कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तिमा स्नातकोत्तर उत्तिर्ण गरेको ।

**४. माध्यमिक तह (११–१२) को विज्ञको लागि वाञ्छनीय योग्यता**
– यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा माध्यमिक तहमा स्थायी नियुक्ती भई कम्तिमा ५ बर्ष सेवा अवधिपुरा गरेको र माध्यमिक तह (११–१२) को स्वीकृत दरवन्दीमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तिमा स्नातकोत्तर उतिर्ण गरेको ।
–विश्वविद्यालय सेवामा स्थायी उपप्रध्यापक पदमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा कम्तिमा स्नातकोत्तर उत्तिर्ण गरेको ।

**द्रष्टव्य :– माथि उल्लेखित योग्यता पुरा गरी अवकास प्राप्त इच्छुक व्यक्तिहरु समेत सूचीकृत हुन सक्नुहुनेछ । साथै शिक्षक सेवा आयोगले तोकेको मौजुदा पाठ्यक्रम बमोजिम सम्वन्धित विषय र तहको ३/३ सेट प्रश्नपत्र र उत्तरकुञ्जिका समेत फाराम साथ बुझाउनुपर्नेछ ।**

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा (गुर्भाकोट नगरपालिका) प्रकाशित सूचनालाई नगरपालिकाको वेबसाइटमा अपलोड गरिदिनहुन ।